## मिति २०७९/०९/१४ गतेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरुः बैठक संख्याः ६-२०७९/०८०

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| १. | निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| २. | सेवा प्रवाह र गुनासो व्यवस्थापन सम्बन्धमा | गाउँ कार्यपालिकाको, वडा कार्यालय र स्वास्थ्य संस्थाबाट भएका गरेका सेवा प्रवाह तथा गुनासो सम्बन्धमा समिक्षा गर्ने । | गाउँ कार्यपालिका अध्यक्ष |
| ३. | स्थानीय नागरिक आरोग्य समिति सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिकाका स्थानीय आरोग्य समिति गठन गर्ने । | नागरिक आरोग्य सेवा केन्द्र |
| ४. | ग्रामीण विद्युतीकरण हस्तान्तरण सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका र ग्रामीण विद्युतीकरणको लागत साझेदारीमा यस गाउँपालिकाको वडा नं. १ देखि ६ मा सञ्चालित ग्रामीण विद्युतीकरण कार्यक्रम नेपाल विद्युत प्राधिकरणलाई हस्तारन्तरण गर्ने । | गाउँ कार्यपालिका अध्यक्ष |
| ५. | नेपाल रेडक्रस सोसाईटी भगवतीमाई उपशाखा भवन निर्माण सम्बन्धमा । | नेपाल रेडक्रस सोसाईटी भगवतीमाई उपशालाको भवन निर्माणको लागि जग्गा व्यवस्थापन गर्ने । | |
| ६. | वेस्तडा बजारमा थप सडक वत्ती जडान सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिकाको केन्द्र वेस्तडा बजारमा थप सोलार बत्ती जडानको लागि नेपाल सरकार सशर्त अनुदान अन्तर्गत नवीकरणीय ऊर्जा प्रविधि जडान (वायोग्याँस /विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) खर्च शिर्षक ३११५३ बाट गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| ७. | जुम्लाकाफल थुवाँ वडालेक कचाली सडक | कर्णाली प्रदेश सरकार समपुरक अनुदान र यस गाउँपालिकाको लागत साझेदारीमा निर्माणाधिन जुम्लाकाफल थुवाँ वडालेक कचाली सडक अन्तर्गत पहिलो चरणको ठेक्का केहि रकम बचत भएको र सोही सडकको वेस्तडा जुम्लाकाफल खण्डमा केहि थप निर्माण कार्य समेत गर्न आवश्यक रहेको हुँदा निर्माण कार्यको लागि अनुमति माग गर्ने । | पूर्वाधार विकास समिति |
| ८. | मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | चालु आ.व. २०७९/०८० को लागि स्वीकृत कर्णाली प्रदेश सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत मुख्यमन्त्री रोजगार कार्यक्रम | रोजगार सेवा केन्द्र |
| ९. | विविध | विविध विषयमा छलफल तथा निर्णय गर्ने । | |

**<u>मिति २०७९/०९/१४ गतेको गाउँ कार्यपालिकाको छैटौं बैठकबाट भएका निर्णयहरुः</u>**

१. यस गाउँ कार्यपालिकाको अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गरियो ।

२. चालु आ.व. २०७९/०८० को मंसिर महिनामा भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय/संस्थाबाट सम्पादन भएका कार्य तथा सेवा प्रवाहको प्रगति र प्राप्त गुनासो सम्बन्धमा समिक्षा गरियो साथै गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, आधारभूत अस्पताल र स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवा प्रवाह तथा अन्य कार्यहरुलाई व्यवस्थित बनाउन देहाय बमोजिम गर्न गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**क.** कट्टी स्वास्थ्य चौकीमा हाल एक (१) जना मात्र अ.न.मी. रहेको हुँदा थप एक (१) जना अ.न.मी. को तत्काल व्यवस्था गर्ने ।

**ख.** गाउँ कार्यपालिकाको कार्यालय लगायत अन्य कार्यालयमा रहेका विद्युतीय हाजिरलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

**ग.** विद्युतीय हाजिरी अभिलेखको आधारमा मात्र कर्मचारीहरुको मासिक तलवभत्ता भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

३. यस भगवतीमाई गाँउपालिकामा नागरिक आरोग्य सेवा केन्द्रबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन र आवश्यक समन्वय गर्नको लागी देहाय बमोजिमको एक समिति गठन गर्नेः

**<u>तपसिलः</u>**

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष श्री मिनाकुमारी खड्का | संयोजक |
| ख) भगवतीमाई अस्पताल प्रमुख डा. प्रभाकर यादव | सदस्य |
| ग) स्वास्थ्य शाखा प्रमुख श्री टिकाराम बिष्ट | सदस्य |
| घ) शिक्षा यूवा तथा खेलकूद शाखा प्रमुख श्री मान बहादुर बिश्वकर्मा | सदस्य |
| ङ) स्थानिय तहबाट संयोजकले मनोनित २ जना स्वास्थ्यका अभियान्ता<br>१) श्री<br>२) श्री | सदस्य<br>सदस्य |
| च) नागरिक आरोग्य सेवा केन्द्र प्रमुख श्री दिनेश थापा | सदस्य-सचिब |

४. यस भगवतीमाई गाउँपालिका र सामुदायिक ग्रामीण विद्युतीकरण विभागबीच भएको सम्झौता बमोजिम यस गाउँपालिका अन्तर्गत वडा नं. १ देखि वडा नं. ६ सम्म सञ्चालित सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम यस गाउँपालिकामा जनशक्ति र आवश्यक श्रोत साधनको अभावको कारण दिर्घकालीन रुपमा सामुदायिक ग्रामीण विद्युतिकरण आयोजना प्रभाकारी रुपमा सञ्चालन गर्न कठिनाई भएको हुँदा उक्त आयोजना नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण गर्ने र सोको लागि आवश्यक समन्वय र सहजीकरण गरिदिन सामुदायिक ग्रामीण विद्युतीकरण विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. नेपाल रेडक्रस सोसाईटी भगवतीमाई उपशाखाको कार्यालय भवन निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापनको लागि अनुरोध भई आएको हुँदा यस गाउँपालिकालाई हस्तान्तरण भएको कृषि सेवा केन्द्रको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक रुम गा.वि.स. वडा नं. १ हाल भगवतीमाई गाउँपालिका वडा नं. २ वेस्तडा स्थित कित्ता नं. ६८३ क्षेत्रफल ९०० वर्गमिटर रहेको जग्गामा पछि गाउँपालिकाले आफ्नो प्रयोजनको लागि थप पूर्वाधार निर्माण गर्न मिल्ने गरी नेपाल रेडक्रस सोसाईटी भगवतीमाई उपशाखाको भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

६. चालु आ.व. २०७९/०८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार **नेपाल सरकार सशर्त अनुदान अन्तर्गत नवीकरणीय ऊर्जा प्रविधि जडान** (वायोग्याँस /विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) खर्च शिर्षक ३११५३ बाट यस गाउँपालिकाको केन्द्र वेस्तडा बजारको आवश्यक थप ठाउँको साथै हुलाक टाकुरामा १-वटा, शिखरद्धारी वडा नं. ७ मा १-वटा र माई भगवती मन्दिर वडा नं. ३ मा १-वटा सोलार बत्ती जडान गर्ने ।

७. कर्णाली प्रदेश सरकार समपुरक अनुदान र यस गाउँपालिकाको लागत साझेदारीमा निर्माणाधिन जुम्लाकाफल थुवाँ वडालेक कचाली सडक स्वीकृत भएकोमा सोही सडकको वेस्तडा जुम्लाकाफल सडक खण्डमा केहि थप निर्माण कार्य समेत गर्न आवश्यक रहेको हुँदा वेस्तडा जुम्लाकाफल सडक खण्ड निर्माण कार्यको लागि अनुमति माग गर्ने ।

८. चालु आ.व. २०७९/०८० को लागि स्वीकृत कर्णाली प्रदेश सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत मुख्यमन्त्री रोजगार कार्यक्रम लागि स्वीकृत योजनाहरु कार्यान्वयनको लागि वडा कार्यालयहरुले रोजगार समिति गठन गरी रोजगार सेवा केन्द्रमा सम्झौताको लागि यथाशिघ्र पठाउने व्यवस्था मिलाउने ।

९. आजको बैठकमा पेश भएका सबै प्रस्तावहरु माथि छलफल गर्न समय अभाव भएकोले भोली विहान ७ बजे बैठक वस्ने गरी बैठक स्थगित गरियो ।